# शैल्यशिखर नगरपालिका

## राजश्व परामर्श समितिको अध्ययन प्रतिवेदन

गोकुलेश्वर , दार्चुला

सुदूरपश्चिम प्रदेश , नेपाल

## १. पृष्ठभुमि

ऐतिहासिक संविधान सभाले बनाएको नेपालको संविधान, २०७२ लागु भईसकेपछि नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा प्रवेश गरेको हो । संविधान अनुसार संघ, प्रदेश र स्थानीय तहको चुनाव सम्पन्न भई तीन तहका सरकारहरु गठन भइसकेको अवस्था छ । स्थानीय तहको चुनाव सम्पन्न पश्चात विधिवत रुपमा शैल्यशिखर नगरसभा एवम् नगर कार्यपालिका गठन भई आ.व.२०७४/०७५,०७५/०७६,०७६/०७७,०७७/०७८ को बजेट ,नीति तथा कार्यक्रम नगरसभाबाट पारित भई कार्यान्वयन भईसकेको सन्दर्भमा आ.व.०७८/०७९ को लागि समेत हामी बजेट, नीति तथा कार्यक्रम तर्जुमाको चरणमा उभिएका छौ ।

स्थानीय तहले संघीय सरकार ,प्रदेश सरकारबाट राजश्व बाँडफाँट,वित्तिय समानिकरण अनुदान,सर्शत अनुदान,समपूरक अनुदान र विशेष अनुदान प्राप्त गर्दछ ।स्थानीय तहलाई संविधानत प्राप्त भएका कर सम्बन्धी अधिकार क्षेत्रभित्र रहि तोकिएको दरमा राजश्व असुली गर्दै नगरपालिकालाई आफैमा आत्मानिर्भर तुल्याउन आवश्यक छ ।राजश्वका सम्पूर्ण क्षेत्रहरुको पहिचान गरी प्रगतिशिल करको सिद्धान्त अनुसार राजश्वको असुली गरी समृद्ध र आत्मनिर्भर नगरपालिकाको निर्माण गर्नु जरुरी छ ।

आ.व. ०७७/०७८ का राजश्वका क्षेत्र र दरहरुको विश्लेषण र त्यसबाट सम्बन्धीत करदाता एवम करदाता जनतामा परेको प्रभाव समेतको विश्लेषण गरी राजश्व परामर्श समितिले यो प्रतिवेदन तयार पारेको छ । राजश्वका दरहरु बढाउने भन्दा पनि यसको दायरा फराकिलो बनाउने तर्फ ध्यान दिनुपर्दछु भन्ने मान्यतामा अडिग रहदै राजश्व संकलन प्रक्रियालाई प्रविधिमा आधारित बनाउने र राजश्व चुहावट न्यूनिकरण गर्नेतिर विशेष ध्यान दिइनु पर्दछ ।

## २. राजश्व को मौजुदा अवस्थाको विश्लेषण

### २.१ आन्तरिक राजश्व परिचालन

आर्थिक वर्ष ०७६/०७७ मा कुल आन्तरिक आम्दानी रु.३० लाख १४ हजार ५ सय ४६ भएकोमा आर्थिक वर्ष ०७७/०७८ मा रु.४५ लाख ९५ हजार ८ सय १४, आन्तरिक राजश्व संकलन भएको छ । राजश्वको क्षेत्रहरु प्रयाप्त भएतापनि लक्ष्य अनुसारको राजश्व संकलन हुन सकेको छैन ।

### २.३.२ आन्तरिक राजश्व संकलनमा देखिएका समस्याहरु

संविधान अनुसार स्थानीय तहलाई प्राप्त स्थानीय कर सम्बन्धी अधिकारहरुको कार्यान्वयनमा देहायका समस्याहरु देखा परेका छन ।

- सम्पति कर संकलन सम्बन्धी आवश्यक तयारी एवम समान बुझाई कायम हुन नसक्दा कर असुलीमा करदाता र कर संकलकबीच अस्पष्टता कायमै रहेको,

- सबै जनतालाई करको दायरामा ल्याउन नसकिएको एवम कर र मृत्यु शाश्वत सत्य हुन, कानून बमोजिमको कर तिर्नु प्रत्येक व्यक्तिको कर्तव्य हो भन्ने धारणा विकास हुन नसकेको,

- प्रगतिशिल एवम समतामूलक करका सिद्धान्तहरु लागु गर्न नसकिएको । समान करको सिद्धान्त लागु गरिदा गरिब एवम विपन्न वर्ग मर्कामा परिरहेको तर सम्पन्न वर्गबाट क्षमताअनुसारको राजश्व संकलन हुन नसकेको,
- वडा नं. ९ लगायतका वडाहरुमा करका क्षेत्रहरु स्पष्ट रुपमा पहिचान हुँदा समेत तोकिएको दरमा राजश्व संकलन हुन नसकेको । उदाहरणको लागि वडा नं. ९ स्थित गोकुलेश्वर बजारमा बहाल कर असुल उपर हुन नसकेको , व्यवसाय कर, सम्पति कर समेत पूर्ण रुपमा उठाउन नसकेको देखिन्छ ।
- केहि वडा कार्यालयहरुबाट व्यक्तिगत प्रयोजनको लागि संकलित राजश्व प्रयोग गर्ने एवम राजश्व दुरुपयोगको प्रयास समेत भएको,
- सबै करदातालाई करको दायरामा ल्याउन नसकिएको ,
- राज्यालाई कर तिर्नु पर्छ भन्ने भावनाको विकास हुन नसकेको ,

## २.३.३राजश्व संकलनमा सुधारका सम्भावनाहरु

- करदाताहरुमा क्रमिक रुपमा कानुन बमोजिम कर तिर्नु पर्छ भन्ने चेतनाको विकास हुदै गएको,
- सम्पति कर ,बहाल कर,व्यवसाय कर सम्बन्धी कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई कार्यान्वयनमा रहेको,
- वडा कार्यालय एवम अन्य कर संकलनको लागि जिम्मेवार निकायहरुबाट तोकिएको अवधिभित्र राजश्व दाखिला गर्ने बानीको विकास हुँदै गएको,
- लक्ष्य अनुसारको राजश्व संकलन भएको,
- करका दर,क्षेत्र,सिद्धान्त र दायरा सम्बन्धमा विभिन्न तालिम एवम अभिमुखिकरण गोष्ठीहरु सञ्चालन हुदा कर सम्बन्धी सचेतनाको विकास हुदै गएको,
- बजेट विनियोजनमा समेत राजश्व संकलन क्षमतालाई विश्लेषण गरी तोकीएको राजश्व चुहावट र छलिलाई न्यूकरण गर्न सकिने ।

## ३. राजश्वका नीतिहरु

- संविधान बमोजिम स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी अधिकारको प्रयोग गर्दै नगरपालिकालाई आर्थिक रुपमा समृद्ध एवम आत्मानिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरुको खोजि गर्दै प्रगतिशिल र समतामूलक ढंगले करका दरहरु निर्धारण गर्ने,
- सम्पति करलाई पूर्ण रुपमा कार्यान्वयन गर्दै यसलाई व्यवस्थित र वैज्ञानिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- राजश्व छलि र चुहावट हुन नदिन आश्यक कानूनी व्यवस्था गर्दै कर प्रशासनलाई चुस्तदुरुस्त तुल्याउन उत्प्रेणात्मक र दण्डात्मक दुबै तरिकाहरु अवलम्बन गर्ने,
- करदाता शिक्षालाई व्यापक रुपमा फैलाउदै कर सम्बन्धी सचेतनाको विकास गर्ने

## ४. करका आधारहरु

नेपालको संविधान,२०७२ ले स्थानीय तहलाई दिएको राजश्व सम्बन्धी अधिकार,संविधान अनुसार बनेको नेपाल सरकार (मन्त्रीपरिषद) बाट स्वीकृत कार्यविस्तृतकारण प्रतिवेदन र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा उल्लेख भए अनुसार करका आधारहरु देहाय बमोजिम रहेका छन ।

### क. सम्पति

- अचल सम्पतिमा लाग्ने कर ( घर जग्गा कर ,मालपोत कर, सम्पति कर)

### ख. आम्दानी

- घर बहाल कर

### ग. वस्तु वा सेवा

- मानोरञ्जन कर ( प्रदेशसंग दोहोरो)
- विज्ञापन कर(प्रदेशसंग दोहोरो)
- सवारी साधन ( प्रदेशसंग दोहोरो)
- व्यवसाय

### घ.सेवा शुल्क तथा दस्तुर

- सेवा शुल्क ( स्थानीय पूर्वाधार तथा सेवा उपयोग)
- दस्तुर ( स्थानीय तहबाट हुने सिफारिस लगायतमा)

## ५. आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैरकर राजश्व दर

| अनुसूचि १ | | | |
|---|---|---|---|
| सम्पती कर | | | |
| क्र.सं. | दर | पुष्ट्याई | कैफियत |
| १ | पहिलो ५ लाख सम्म ०.०२ प्रतिशतका दरले,५ लाख भन्दा माथि १० लाख सम्म ०.०३ प्रतिशतका दरले, १० लाख भन्दा माथि २० लाख सम्म ०.०५ प्रतिशतका दरले,२० लाख भन्दा माथि ५० लाख सम्म ०.०७ प्रतिशतका दरले,५० लाख भन्दा माथि १ करोड सम्म ०.०९ प्रतिशतका दरले र १ करोड भन्दा माथि जतिसुकै भए पनि ०.१ प्रतिशतका दरले लगाउने । जग्गाको मूल्याङ्कन अनुसूचि १.१ मा उल्लेख भए अनुसार हुने ।संरचनाको मूल्याङ्कन अनुसूचि १.२ मा उल्लेख भए बमोजिम | प्रगतिशिल करको सिद्धान्त अनुसार | घर र घरले चर्चेको जग्गामा सम्पति कर लागाइने र वार्षिक २० प्रतिशत जरिवाना हुने । सम्पति कर सम्बन्धी थप व्यवस्था सम्पति कर सम्बन्धी कार्यविधि,२०७४ अनुसार मूल्याङ्कन समितिले तोके बमोजिम हुने । |

| | | | |
|---|---|---|---|
| | हुने ।संरचनाको ह्रास कट्टि अनुसूचि १.३ बमोजिम हुने | | |
| **अनुसूचि २** | | | |
| **भूमि कर (मालपोत)** | | | |
| क्र.सं. | दर (प्रति ५०० वर्गमिटर) | पुष्ट्याई | कैफियत |
| १ | अनुसूचि २.१ मा उल्लेख भए बमोजिम लगाउने | प्रगतिशिल करको सिद्धान्त अनुसार | घरले चर्चेको जग्गा वाहेकमा मालपोत लगाईने ,१० प्रतिशत जरिवाना लाग्ने र विगत वर्षका वक्यौता समेत यसै बमोजिम हुनेछ । |
| **अनुसूचि ३** | | | |
| **घरबहाल कर** | | | |
| क्र.सं. | दर | पुष्ट्याई | कैफियत |
| १ | बहाल अंकको १० प्रतिशतका दरले वहाल कर उठाउने प्रयोजनको लागि वहालमा दिने संरचनाको न्यूनतम अनुसूचि ३.क बमोजिम हुनेछ । | | बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक,अर्ध वार्षिक वा वार्षिक अवधिलाई आधार मानि बहाल कर बुझापउनु पर्नेछ । क्षेत्रगत आधारमा शैल्यशिखर नगरपालिकाले न्यूनतम बहाल दर तोक्न सक्नेछ । शैल्यशिखर नगरपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंम घोषणा गरेको वा सम्झौता पत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ । |

| अनुसूचि ४ | | | | | |
|---|---|---|---|---|---|
| **व्यवसाय कर** | | | | | |
| क्र.सं. | विवरण | | कर/दस्तुर/शूल्क | | कैफियत |
| | | | दर्ता | नविकरण | |
| १ | संघ संस्था दर्ता /सिफारिस | कम्पनी | १०००० | ५००० | |
| | | सहकारी | ५००० | २५०० | |
| | | क्लव | ५००० | ३५०० | |
| | | कृषि तथा सहकारी समूह | १००० | २०० | |
| २ | पोल्ट्री फर्म | | २००० | १००० | |
| ३ | निजी बैंक स्थापना | | २०००० | १०००० | |
| ४ | उद्योग नामसारी | ठुलो | १५०० | - | |
| | | मझौला | १००० | - | |
| | | सानो | ५०० | - | |
| | | लघु / घरेलु | ५०० | - | |
| ५ | फर्म वा व्यवसाय | घ वर्गको ठेक्का लाईसेन्स | ५०००० | ३५०० | |
| ६ | ५ देखि २० हर्ष पावर उद्योग दर्ता सिफारिस | | - | - | |
| ७ | २० देखि  माथि हर्ष पावर उद्योग दर्ता / सिफारिस | | - | - | |
| ८ | खाद्य,तेल,माहुरीपालन,पशुपालन उद्योग | | ५००० | २५०० | |
| ९ | इट्टा भट्टि | सामान्य | - | - | |
| | | आधुनिक | - | - | |
| १० | पाउरोटि उद्योग | | - | - | |
| ११ | केवुल नेटवर्क | | ५००० | २५०० | |
| १२ | सुन चाँदी (गरगाहना) | थोक तथा फुटकर ठुला | २०००० | ६००० | |
| | | थोक तथा फुटकर साना | २००० | १००० | |
| १३ | क्यासेट तथा भिडियो रेकडर र पिलेयर थोक तथा खुद्रा | | १५०० | ७०० | |
| १४ | इलेक्ट्रोनिक पसल | | २००० | १००० | |
| १५ | हार्डवयर पसल | | १०००० | ५००० | |
| १६ | पलाइवोर्ड,सिसा पसल | | ५००० | २५०० | |
| १७ | पेट्रोल पम्प ड्रमथोक,फुटकर | | - | - | |
| १८ | पेट्रोल पम्प डिपो | | २५००० | १०००० | |
| १९ | तरकारी थोक तथा फुटकर | | - | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पसल | | | | |
| २० | ईन्जनियरिङ्ग तथा परामर्श सेवा | | ३००० | १५०० | |
| २१ | अन्तरष्ट्रिय गैर सरकारी संस्था | | १०००० | ५००० | |
| २२ | नापी,विमा,एजेन्ट,मेडिकल,दन्त चिकित्सा | | ५००० | २५०० | |
| २३ | मिल व्यवसाय | | १०००० | ५००० | |
| २४ | मिठाई पसल | | ३००० | १५०० | |
| २५ | नास्ता/खाना होटल | | ३००० | १५०० | |
| २६ | छापाखाना | | १०००० | ५००० | |
| २७ | कलर ल्याब | | ३००० | १५०० | |
| २८ | चलचित्र व्यवसाय | | - | - | |
| २९ | मेला,जात्रा कर आयोजक | | २०००० | - | |
| ३० | लघु वित्त तथा सहकारी संस्था अभिलेखिकरण | | ५००० | - | |
| ३१ | ऋण तथा बचत सहकारी दर्ता | | २००० | १००० | |
| ३२ | विमा कम्पनी | | ५००० | २५०० | |
| ३३ | ल्याब औषधि पसल | | ३००० | १५०० | |
| ३४ | जुत्ता पसल थोक | | ५००० | २५०० | |
| ३५ | जुत्ता पसल फुटकर | | २५०० | १५०० | |
| ३६ | सिलाई कटाई टेलर्स | | ५००० | २५०० | |
| ३७ | घट्ट दर्ता सिफारिस | | ५०० | २५० | |
| ३८ | एफ.एम.रेडियो दर्ता | | ७००० | ३५०० | |
| ३९ | सैलुन (कपाल काट्ने) | | ५००० | २५०० | |
| ४० | फोटो स्टुडियो | | ३००० | १५०० | |
| ४१ | साइनवोर्ड पेन्टिङ | | २००० | १००० | |
| ४२ | साइनवोर्ड पेन्टिङ फल्याक्स | | ५००० | २५०० | |
| ४३ | श्रींगार पसल | | ३००० | १५०० | |
| ४४ | कुखुरा मार्केट | | - | - | |
| ४५ | खसी मार्केट | | - | - | |
| ४६ | रागां मार्केट | | - | - | |
| ४७ | एग्रोभेट पसल | | ५००० | २५०० | |
| ४८ | भाँडा पसल | | ३००० | १५०० | |
| ४८ | गल्ला पसल | | - | - | |
| ४९ | ग्यारेज गाडि पसल | | ५००० | २५०० | |
| ५० | पुस्तक तथा स्टेशनरी पसल | | ३००० | १५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५१ | फेन्सि पसल सानो | | २५०० | १५०० | |
| ५२ | फेन्सि पसल ठुलो | | ५००० | २५०० | |
| ५३ | कपडा पसल | | २००० | १००० | |
| ५४ | खुद्रा पसल | | २००० | १००० | |
| ५५ | ग्यास विक्रेता | | ३००० | १५०० | |
| ५६ | सुर्तिजन्य (सार्वजनिक स्थलको २०० मिटर भन्दा बाहिरमात्र बिक्रि वितरण गर्ने शर्तमा) | वितरक | - | - | |
| | | थोक | - | - | |
| | | फुटकर | - | - | |
| ५७ | मदिरा ऐन तथा नियमावली अनुसार मदिराजन्य पदार्थको कारोवार गर्न इजाजत प्राप्त ,सार्वजनिक स्थलको ५०० मिटर बाहिर,साझँ ५:००बजे देखि साझँ ८:०० बजे सम्म ( सार्वजनिक विदाको दिन अपरान्ह ४:०० बजे देखि साझँ ८:०० बजे सम्म) कारोवार गर्न पाउने एक्काईस वर्ष उमेर पूरा भएको व्यक्तिलाई मात्र बिक्रि वितरण गर्ने,मदिरा कारोवारको दैनिक अभिलेख बनाई राख्ने लगायतका लागू औषध निषेध,मदिरा तथा सूर्तिजन्य पदार्थको नियन्त्रण सम्बन्धी निर्देशिकामा उल्लेखित शर्त पालना गरी मदिराजन्य पदार्थको कारोवार गर्न इच्छुक मदिराजन्य व्यवसाय | | | | |
| ५८ | होटल | "क" वर्गको होटल | - | - | |
| | | "ख" वर्गको होटल | - | - | |
| | | "ग" वर्गको होटल | १०००० | ५००० | |
| | | सानो होटल | ३००० | १५०० | |
| | | चिया पसल | ३००० | १००० | |
| ५९ | औषधि थोक विक्रेता | | ५००० | ३००० | |
| ६० | रिचार्ज कार्ड | | - | - | |
| ६१ | निजी विद्यालय | क्याम्पस तर्फ (प्रति कक्षा) | २०००० | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मा.वि.तर्फ (प्रति कक्षा) | १२००० | - | |
| | | आ.वि तर्फ (प्रति कक्षा) | ८००० | | |
| ६२ | निजी विद्यालय पुर्व प्रा.वि.तर्फ | प्रतिकक्षा | ५००० | - | |
| ६३ | मोवाइल टावर सरकारी | | - | - | |
| ६४ | मोवाइल टावर निजी | | - | - | |
| ६५ | ग्रिल उद्योग | | १५००० | ७५०० | |
| ६६ | संस्था वा कम्पनी सूतिकृत | | २५०० | - | |
| ६७ | गार्मेन्ट उद्योग | | - | - | |
| ६८ | अन्य यसमा नखुलाईएको व्यवसाय | व्यवसायिक प्रकृतिको आधारमा | १००० देखि ५००० सम्म | ६०० देखि ३००० सम्म | |

१. अन्यत्र दर्ता (घरेलु तथा साना उद्योग कार्यालय,आन्तरिक राजश्व कार्यालय,कम्पनी राजिष्टारको कार्यालय लगायत दर्ताको लागि तोकिएको अन्य संस्था वा कार्यालय) भएका व्यवसायहरुले नगरपालिकाबाट अनिवार्य रुपमा व्यवसाय दर्ता प्रमाणपत्र लिई सो वापत व्यवसाय कर तिरेर मात्र यस नगरपालिका क्षेत्रमा व्यापार व्यवसाय गर्न पाउनेछन् ।

२. अन्यत्र दर्ता नभएका साना व्यवसायिहरुले यस नगरपालिकामा दर्ता भएरमात्र व्यवसाय सञ्चालन गर्न पाउनेछन् । दर्ता हुँदा माथि उल्लेखित वर्गीकरण अनुसारको दर्ता शुल्क तिर्न पर्नेछ ।

**अनुसूचि ५**

**जडिबुटी ,कवाडी र जीवजन्तू कर**

| क्र.स. | विवरण | | परिमाण | कर/दस्तुर/शुल्क |
|---|---|---|---|---|
| १. | कवाडी माल | सिसा | प्रतिकिलो | ३ |
| | | कागज | प्रतिकिलो | १ |
| | | फलाम | प्रतिकिलो | २ |
| | | स्टिल | प्रतिकिलो | १ |
| २ | काठ | | प्रति घनफिट | २५० |
| ३ | खोटो | | प्रति किलो/लिटर | ५ |
| ४ | अन्य | | प्रतिकिलो | ७ |
| ५ | दारफाटक सिफारिस प्रजाति | | प्रति रुख | - |

**अनुससूचि ७**

**विज्ञापन कर**

| क्र.स. | विवरण | दर | पुष्टयाई | कैफियत |
|---|---|---|---|---|
| १. | फलेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु | ६० | | १.भवनको छत र कौशिमा परिचय पाटि वा |

| | | | | |
|---|---|---|---|---|
| २. | होर्डिङ्ग बोर्ड,नियोन साईन,र यस्तै विज्ञपन प्रचार सामाग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु | ५० | | विज्ञापन सामग्रि राख्न पाइने छैन ।२.भवनमा झ्याल छोपेर परिचय पाटि वा विज्ञापन सामाग्रि राख्न पाइने छैन ।३.बाटोको सिमानादेखि दश फिट भित्र तथा संधियारको सिमानादेखि पाँच फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन राख्न पाइने छैन ४.सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएका जुनसुकै संरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनसुकै तस्वीर वा अक्षरको विज्ञापन कर छुट हुने छैन। भवन,जमिन,व्यापारिक वा व्यवासयिक केन्द्र,होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनसुकै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका प्रचार सामाग्रिमा विज्ञापन कर छुट हुने छैन ६. सुर्तियजन्य ,मदिरा तथा नेपाल सरकारबाट प्रतिवन्धित तथा शैल्यशिखर नगरपालिका नगर कार्यपालिकाबाट निषेध गरिएका विज्ञापन प्रचार प्रसार गर्न पाइने छैन |
| ३. | डिजिटल बोर्ड ,ग्लो साइन बोर्डमा गरिने विज्ञापन प्रचार सामाग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु | - | | |
| ४. | माल बाहेक सवारी साधनको दाँयाबाँया पट्टिको भागमा अधिकतम दश स्क्वार फुटसम्मको लागि प्रति दिन रु | - | | |
| ५. | माल बाहक सवारी साधनको दाँयाबाँया पट्टिको भागमा अधिकतम दश स्क्वायर फुटसम्मको स्थायी रुपमा लेखिएको वा छापिएको प्रचार सामाग्रिका लागि प्रति वर्ष प्रति फुट रु | - | | |
| ६. | खेलकुद मैदान,मेला,जात्रा,पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामाग्रीको अधिकतम पन्ध्र दिन र बिस स्क्वायर फुटका लागि प्रति दिन रु | - | | |
| ७. | सवारी साधनको छत (अधिकतम तीन फुट उचाईसम्म मात्र) दुई पाङ्गा बीचको भाग,पछिडिको सिसा(सिसाको जम्मा भाग मध्येको अधिकतम पचास प्रतिशत सम्म मात्र) मुख्य झ्यालको माथि पट्टिको भेन्टिलेशनमा विज्ञापन प्रचार सामाग्रिको प्रति स्क्वार फुट रु | - | | |
| ८. | आकाशमा बेलुन,ज्याकेट वा बेलुन बोकेर गरिने विज्ञापन (प्रति दिन) रु | - | | |
| ९. | अन्यको हकमा प्रति वर्गफिट प्रति वर्ष रु. | - | | |

| अनुसूचि ८ | | | | |
|---|---|---|---|---|
| **मनोरञ्जन कर** | | | | |
| **क्र.स.** | **विवरण** | **दर** | **पुष्ट्याई** | **कैफियत** |
| १. | मेला महोत्सव लगायत अन्य मनोरञ्जनात्मक कार्यक्रम | प्रतिदिन रु.१००० | | थप कार्यविधि शैल्यशिखर नगरपालिका नगर कार्यपालिकाले तोक्न सक्नेछ । |

| अनुसूचि ९ | | | | |
|---|---|---|---|---|
| **वहाल विटौरी कर** | | | | |
| **क्र.स.** | **विवरण** | **प्रस्तावित दर** | **पुष्ट्याइ** | **कैफियत** |
| १. | निर्माण,रेखदेख,मर्मत,संभार खर्च | यस सम्बन्धमा शैल्यशिखर नगर कार्यपालिकाले तोके बमोजिम हुन | | बहाल दिने संरचनाको स्वरुप अनुसार थप कार्यविधि शैल्यशिखर नगरपालिका नगर कार्यपालिकाले तोक्न सक्नेछ । |

| अनुसूचि १० | | | | |
|---|---|---|---|---|
| **पार्किङ शुल्क** | | | | |
| **क्र.स.** | **विवरण** | **प्रस्तावित दर** | **पुष्ट्याइ** | **कैफियत** |
| १. | दुई पाङग्रे सवारी साधन | प्रतिघण्टा रु. | २५ | नगरपालिकाले तोकेको स्थलमा मात्र पार्किङ गर्नुपर्नेछ । सार्वजनिक आवागमनमा असर पुग्ने गरी पार्किङ गरेमा रु.५०० देखि रु.५००० सम्म जरिवाना गरिनेछ । |
| २. | चार पाङग्रे सवारी साधन | प्रतिघण्टा रु. | १०० | |
| ३. | छ पाङग्रे वा सो भन्दा बढीका लागि | प्रतिघण्टा रु. | ४० | |

| अनुसूचि ११ | | | | |
|---|---|---|---|---|
| **ट्रेकिङ शुल्क** | | | | |
| **क्र.स.** | **विवरण** | **प्रस्तावित दर** | **पुष्ट्याई** | **कैफियत** |
| १. | स्वदेशी | रु.२० प्रति दिन | | |
| २. | विदेशी | रु.१ डलर प्रतिदिन | | |

| अनुसूचि १२ | | | | |
|---|---|---|---|---|
| सेवा शुल्क तथा दस्तुर | | | | |
| क्र.स. | सेवाको विवरण | प्रस्तावत दर | पुष्ट्याई | कैफियत |
| १. | घर जग्गा नामसारी सिफारिस | ५०० | | |
| २. | मोहि लगत कट्टा सिफारिस | २५० | | |
| ३. | नक्सा घर कायम सिफारिस | १हजार प्रति तला ५००प्रति कोठा | | |
| ४. | छात्रवृति सिफारिस | २०० | | |
| ५. | विपन्न विद्यार्थी छात्रवृति सिफारिस | २५० | | |
| ६. | अपाङ्ग सिफारिस | निशुल्क | | |
| ७. | अस्थायी बसोवास सिफारिस | २०० | | |
| ८. | स्थायी बसोवास सिफारिस | २०० | | |
| ९. | नागरिकता सिफारिस | १०० | | |
| १०. | नागरिकता प्रतिलिपि सिफारिस | १०० | | |
| ११. | अंगिकृत नागरिकता सिफारिस | - | | |
| १२. | आर्थिक अवस्था बलियो वा सम्पन्न प्रमाणित | २०० | | |
| १३. | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | २०० | | निशुल्क |
| १४. | विद्युत जडान सिफारिस | नक्सा पास भएमा ५०० नभएमा १००० | | |
| १५. | धारा जडान सिफारिस | नक्सा पास भएमा ५०० नभएमा १००० | | |
| १६. | जिवित रहेको सिफारिस | २५० | | |
| १७. | दुवै नाम गरेका व्यक्ति एकै हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस | १०० | | |
| १८. | जग्गा मूल्याङ्कन सिफारिस / प्रमाणित | १००० | | |
| १९. | व्यवसाय बन्द सिफारिस | ५०० | | |
| २०. | व्यवसाय संचालन नभएको सिफारिस | ५०० | | |
| २१. | व्यापार व्यवसाय नभएको सिफारिस | ५०० | | |
| २२. | कोर्ट फि मिनाह सिफारिस | - | | |
| २३. | नावालक परिचयपत्र सिफारिस | २५० | | |

| | | | | |
|---|---|---|---|---|
| २४. | चौपाय सम्बन्धि सिफारिस | - | | |
| २५. | व्यवसाय दर्ता सिफारिस | १००० | | |
| २६. | उद्योग ठाउसारी सिफारिस | ५०० | | |
| २७. | आन्तरिक बसाईसराई सिफारिस | २५० | | |
| २८. | विद्यालय सञ्चालन स्वीकृति / कक्षा वृद्धि सिफारिस (निजी) | - | | |
| २९. | विद्यालय वा संकाय थप सिफारिस | - | | |
| ३०. | पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस वा अनुमति (निजी) | - | | |
| ३१. | व्यक्तिगत विवरण सिफारिस | २५० | | |
| ३२. | जग्गा दर्ता सिफारिस | | | |
| ३३. | संरक्षक सिफारिस (व्यक्तिगत) | - | | |
| ३४. | संरक्षक सिफारिस (संस्थागत) | - | | |
| ३५. | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | - | | |
| ३६. | जिवित संगको नाता प्रमाणित | १०० | | |
| ३७. | मृतक संगको नाता पर्माणित | ५०० | | |
| ३८. | कोठा खोल्ने कार्य/रोहवरमा बस्ने कार्य | - | | |
| ३९. | निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचार सिफारिस | १०० | | |
| ४०. | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | - | | |
| ४१. | संस्था दर्ता सिफारिस (गैर नाफामुखी) | ३००० | | |
| ४२. | संस्था दर्ता सिफारिस (नाफामुखी) | ५००० | | |
| ४३. | घर बाटो प्रमाणित | प्रति ५०० वर्ग मिटर सम्म रु.५००.००(ग्रामिण भेगमा रु.२५०.००) र सोभन्दा माथि प्रति १०० वर्गमिटरको रु.५०.००(ग्रामिण भेगमा रु.२५.००) | | |
| ४४. | चार किल्ला प्रमाणित | प्रति ५०० वर्गमिटर सम्म रु.१०००.००(ग्रामिण भेगमा रु.५००.००) र सोभन्दा माथि प्रति १०० वर्गमिटरको | | |

| | | | | |
|---|---|---|---|---|
| | | रु.१००.००(ग्रामिण भेगमा रु५०.००) | | |
| ४५. | जन्म मिति प्रमाणित | १०० | | |
| ४६. | विवाह प्रमाणित | २५० | | |
| ४७. | कागज/मन्जुरीनामा प्रमाणित | २५० | | |
| ४८. | हकवाला वा हकदार प्रमाणित | २५० | | |
| ४९. | अविवाहित प्रमाणित | २५० | | |
| ५०. | जग्गा रेखांकनको कार्य/सो कार्यको रोहवर | - | | |
| ५१. | जग्गाको फिल्ड रेखांकन | - | | |
| ५२. | ट्रेस नक्सा | प्रति कित्ता | | |
| ५३. | जग्गा धनी पूर्जा हराएको सिफारिस | ५०० | | |
| ५४. | पूर्जामा घर  कायम गर्ने सिफारिस | २५० | | |
| ५५. | अंग्रजी सिफारिस तथा प्रमणित | ३०० | | |
| ५६. | मिलापत्र कागज गराउने | १००० | | |
| ५७. | एकिकृत सम्पति कर/घर जग्गा कर सिफारिस | - | | |
| ५८. | बहाल कर सिफारिस | २५० | | |
| ५९. | विज्ञापन कर सिफारिस | २५० | | |
| ६०. | मालपोत वा भूमि कर सिफारिस | | | |
| ६१. | जन्म दर्ता | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावल-,२०७७को अनुसूचि ३ मा उल्लेख भए बमोजिमको दस्तुर तथा शुल्क | | |
| ६२. | मृत्यु दर्ता | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावल-,२०७७को अनुसूचि ३ मा उल्लेख भए बमोजिमको दस्तुर तथा शुल्क | | |
| ६३. | बसाईसराई जाने आउने दर्ता | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावल-,२०७७को अनुसूचि ३ मा उल्लेख भए बमोजिमको दस्तुर तथा शुल्क | | |
| ६४. | सम्बन्धिविच्छेद दर्ता | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावल-,२०७७को अनुसूचि ३ मा उल्लेख भए बमोजिमको दस्तुर तथा शुल्क | | |
| ६५. | विवाह दर्ता | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावल-,२०७७को अनुसूचि ३ मा उल्लेख भए बमोजिमको दस्तुर तथा शुल्क | | |

| | | | | |
|---|---|---|---|---|
| ६६. | नयाँ व्यवसाय दर्ता सिफारिस | १००० | | |
| ६७. | व्यवसाय निवकरण सिफारिस | ५००० | | |

| | | | | |
|---|---|---|---|---|
| ६८. | योजना सम्झौता सिफारिस/उपभोक्ता समिति दर्ता सिफारिस | ५००० | - | |
| ६९. | बैंक खाता खोल्ने सिफारिस | २५० | - | |
| ७०. | ईन्जिनियरिङ्ग दर्ता/नविकरण शुल्क | ५००० | २५०० | |
| ७१. | भवन नक्सा नामसारी दस्तुर प्रति१००० स्क्वायर फिट भन्दा कम प्रति तला | - | - | |
| | भवन नाक्सा नामसारी दस्तुर प्रति१०००स्क्वार फिट भन्दा बढी प्रति तला | - | - | |
| ७२. | नक्सा पास दस्तुर | ५०००० | - | |
| ७३. | नक्सा पास फाराम (किताब) दस्तुर | ५०० | - | |
| ७४. | नगरपालिकाभित्र कार्यक्षेत्र भएको क्लब,संघसंस्था(गैर नाफामूलक)सहकारी संस्था सूचिकृत शुल्क | १०००० | | |
| ७५. | घर अभिलेखीकरण | ५०० | - | |
| ७६. | घर अभिलेखिकरण किताब | २५०० | - | |
| ७७. | विभिन्न यातायात प्रा.लि.,नाफामुलक संघसंस्था,व्यवस्थापन सूचिकृत शुल्क | ५००० | | |
| ७८. | कार्य सम्पन्न सिफारिस | ३००० | - | |
| ७९. | रोजागर सेवा केन्द्रबाट सञ्चालित आयोजनाहरुको सिफारिसको हकमा | ० | - | निःशुल्क |
| ८०. | नगर अस्पताल सेवा शुल्क | अनूसूचि १२.क मा उल्लेख भए अनुसार | | |
| ८१. | यसमा उल्लेख भए बाहेक अन्य भएमा | | | |
| **पशु शाखा तर्फको राजश्व दर** | | | | |
| ८२. | पशु खोप | प्रति डोज रु.१० | | पि.पि.आर |
| | | प्रति डोज रु.२५ | | खोरेत |
| | | प्रति डोज रु.२५ | | जे.ई. |
| | | प्रति डोज रु.१५ | | एच.एस.वि.क्यु.कमन |

| | | | | |
|---|---|---|---|---|
| | | प्रति डोज रु.८० | | रेविज |
| | | प्रति डोज रु.१० | | कुखुराका खोपहरु |
| ८३. | पशु उपचार सेवा | प्रति डोज रु.१० | | गाई/भैसी |
| | | प्रति डोज रु.५ | | भेडा/बाख्रा/बंगुर/खरायो |
| | | प्रति डोज रु.१ | | पन्छीजाती |
| | | प्रति डोज रु.२५ | | कुकुर/बिरालो |
| | | प्रति डोज रु.५० | | घोडा/बाँदर र अन्य |
| ८४. | प्रयोगशाला सेवा | प्रति डोज रु.१० | | गोवर परीक्षण |
| | | प्रति डोज रु.१० | | पिसाब परीक्षण |
| | | प्रति डोज रु.१० | | थुनेलो परीक्षण |
| | | प्रति डोज रु.१० | | छाला परीक्षण |
| | | प्रति डोज रु.२५ | | रगत परीक्षण |
| | | प्रति डोज रु.१० | | पन्छी पोष्टमार्टम |
| | | प्रति डोज रु.१०० | | कुकुर/विरालो पोष्टमार्टम |
| | | प्रति डोज रु.२५ | | गाई/भैसी पोष्टमार्टम |
| | | प्रति डोज रु.२०० | | घोडा/हात्ति/बाँदर र अन्य बन्यजन्तुको पोष्टमार्टम |
| | | प्रति डोज रु.२५ | | भेडा/बाख्रा/बंगुरको पोष्टमार्टम |
| ८५. | कृत्रिम गर्भाधान सेवा | प्रति डोज रु.२५ | | गाई |
| | | प्रति डोज रु.२५ | | भैसी |
| | | प्रति डोज रु.२५ | | बाख्रा |
| ८६. | पशु बन्ध्याकरण | प्रति डोज रु.१० | | बोका/थुमा |
| | | प्रति डोज रु.३० | | बहर/रागा |
| ८७. | मेजर अपरेशन | प्रति पशु रु.२०० | | गाई,भैसी,भेडा,बाख्रा,बंगुर,कुकुर |

## अनुसूचि १४

## फोहोरमैला व्यवस्थापन शुल्क

| क्र.स. | विवरण | शुल्क रु.मासिक | दर | कैफियत |
|---|---|---|---|---|
| १ | सबै प्रकारका होटेल व्यवसाय | १२० | | नगरपालिकाले तोकेको स्थान बाहेक अन्यत्र जथाभावि फोहोर फाल्ने व्यक्ति वा निकायलाई रु ५०० देखि ५००० सम्म जरिवाना गरिने,पोल्टि,फर्म,वधशाला नगरपालिकाले तोकेको |
| २ | पोल्टि फर्म | १५० | | |
| ३ | वधशाला,फ्रेस हाउस | ७५ | | |
| ४ | माथि उल्लेखित बाहेक अन्य व्यवसाय पसलहरुको लागि | ७५ | | |
| ५ | घर भित्रबाट निष्कने फोहोर | १५ | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | स्थानमा मात्र सञ्चालन गर्नुपर्नेछ । |

| अनुसूचि १५ | | | | |
|---|---|---|---|---|
| दण्ड जरिवाना | | | | |
| क्र.स. | विवरण | दर | पुष्ट्याई | कैफियत |
| १. | सडकको क्षेत्रभित्र एवम सार्वजनिक स्थलमा जथाभावि पार्किङ गरेमा ,निर्माण सामग्री राखेमा पशुचौपाया छाडा छोडेमा,जथाभावि होडीङ वोर्ड राखेमा,जथाभावि फोहोर फालेमा,दर्ता प्रमणपत्रविना व्यापार व्यवसाय सञ्चालन गरेमा तथा अन्य नगरपालिकाले गर्न नहुने भनि तोकेका कार्य गरेमा | रु.५०० देखि ५००० सम्म | | त्यस्ता मालसमान नियन्त्रणमा लिई जरिवाना गरेर फिर्ता दिइने एवम जफत भएको ३५ दिनभित्र फिर्ता लिन आएमा जफत गरिने |

- <u>निष्कर्ष तथा सुझावहरुः</u>
  - करदातामा क्रमिक रुपमा कानून बमोजिम कर तिर्नु पर्छ भन्ने चेतनाको विकास हुदै गएको,सम्पति कर सम्बन्धी कार्यविधि,वहाल कर तथा व्यवसाय कर सम्बन्धी कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको,वडा कार्यालय एवम अन्य कर संकलनको लागि जिम्मेवार निकायहरुबाट तोकिएको अवधिभित्र राजश्व दाखिला गर्ने बानिको विकास हुदै गएको,लक्ष्य अनुसारको राजश्वव संकलन नभएको,करका दर,क्षेत्र,सिद्धान्त र दायरा सम्बन्धमा विभिन्न तालिम एवम अभिमुखिकरण गोष्ठीहरु सञ्चालन हुदा कर सम्बन्धी सचेतनाको विकास हुदै गएको,राजश्व संकलनलाई प्रभावकारी र पारदर्शी तुल्याउन सफ्टवेयरको विकासमा जोड दिईएको वर्तमान सन्दर्भमा राजश्वमा क्षेत्रहरुको पहिचान भएका क्षेत्रहरुमा करको दायर फराकिलो बनाउदै सबै किसिमका करदाताहरुको योगदान रहने गरी करका दरहरु तोक्ने,

- संविधान बमोजिम स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी अधिकारको प्रयोग नगरपालिकालाई आर्थिक रुपमा समृद्ध एवम आत्मानिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरुको खोजि गर्दै प्रगतिशिल र समतामूलक ढंगले करका दरहरु निर्धारण गर्ने,
- एकीकृत सम्पति करलाई पूर्ण रुपमा कार्यान्वयन गर्दै यसलाई व्यवस्थित र वैज्ञानिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- राजश्व छलि र चुहावट हुन नदिन आवश्यक कानूनी व्यवस्था गर्दै कर प्रशासनलाई चुस्तदुरुस्त तुल्याउन उत्प्रेरणात्मक र दण्डात्मक दुबै तरिकाहरु अवलम्वन गर्ने,
- करदाता शिक्षालाई व्यापक रुपमा फैलाउदै कर सम्बन्धी सचेतनाको विकास गर्ने ,